## लिखु गाउँ कार्यपालिकाको बैठक संख्या - ८, (आ.व. २०८२/०८३)

आज मिति २०८२/११/२७ गते बुधवार, बिहानको ११ बजे  लिखु गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | वडाध्यक्ष, वडा  नं. १ | श्री हिरा बहादुर कार्की | |
| ३ | वडाध्यक्ष, वडा  नं. २ | श्री राम कुमार  बुढाथोकी | |
| ४ | वडाध्यक्ष, वडा  नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ५ | वडाध्यक्ष, वडा  नं. ४ | श्री घनबहादुर कार्की | |
| ६ | वडाध्यक्ष, वडा  नं. ५ | श्री मोहन कार्की | |
| ७ | वडाध्यक्ष, वडा  नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ८ | वडाध्यक्ष, वडा  नं. ७ | श्री तारा बहादुर तामाङ | |
| ९ | वडाध्यक्ष, वडा  नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| १० | वडाध्यक्ष, वडा  नं. ९ | श्री केशवहरी ढुंगेल | |
| ११ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १२ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १३ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १४ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १५ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १६ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १७ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री दिनानाथ चौधरी – जनस्वास्थ्य अधिकृत

श्री प्रमोद भट्टराई-सूचना प्रविधि अधिकृत

श्री निशा कार्की - कार्यालय सहयोगी

**बैठक संख्या: ८**

**क. मिति: २०८२/११/२७ गते बुधवार**

**ख. विहान: ११:०० बजे**

---

**क) प्रस्तावित विषयहरुः**

१. समीक्षा सम्बन्धमा।

२. प्रशासकिय भवन भेरिएशन आदेश स्वीकृति सम्बन्धमा,

३. राष्ट्रपति महिला उत्थान कार्यक्रम संयोजक छनौट सम्बन्धमा,

४. योजना सम्झौता तथा कार्यान्वयन सम्बन्धमा।

५. आर्थिक सहयोग सम्बन्धमा,

६. विविध विषयका सम्बन्धमा।

क) उजुरी छानबिन सम्बन्धमा

ख) विपद उद्दार समिति सदस्य सचिव तोक्ने सम्बन्धमा।

**ख. निर्णयहरु:**

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २,**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा, राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत प्रस्ताव मूल्याङ्कन तथा छनौट सिफारिस समितिका संयोजकको जिम्मेवारी स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष रहने व्यवस्था रहेकोमा लिखु गाउँपालिकाको उपाध्यक्षको पद हाल रिक्त रहेकोले, राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ को दफा १३ बमोजिम प्रस्ताव मूल्याङ्कन तथा छनौट सिफारिस समितिको संयोजकको जिम्मेवारी लिखु गाउँपालिका अध्यक्ष श्री अशोक कुमार कार्कीलाई तोक्ने निर्णय सर्वसम्मति गरियो।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल हुँदा, लिखु गाउँपालिकाको प्रशासकीय भवन निर्माण आयोजना "LRM/NCB/BUILDING-WORKS/2081-082-06" कार्यान्वयनका क्रममा पूर्व स्वीकृत लागत अनुमान तथा प्राविधिक डिजाइनअनुसार निर्माण स्थलमा केही परिवर्तन गर्नु पर्ने आवश्यकता देखिएकोले, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा लिखु गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १२७ बमोजिम पूर्वाधार शाखाबाट पेश भएको अनुसार भेरिएशन आदेश स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले गरियो।

**निर्णय नं ४,**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा लिखु–८, टारकेराबारी निवासी सकुना बहुमुखी क्याम्पस, सुन्दरहरैचा नगरपालिका, मोरङमा बिएससी चौथो वर्षमा अध्ययनरत छात्रा अम्बिका बिष्टले "THE FLORAL

REFERENCE OF BUTTERFLY IN LIKHU OKHALDHUNGA, NEPAL” शीर्षकअन्तर्गतको परियोजना कार्यका लागि सम्बन्धित क्याम्पसको सिफारिससहित आर्थिक सहयोग उपलब्ध गरिपाउन निवेदन पेश गरेकोले, निजलाई आर्थिक सहयोग शीर्षकबाट रु. ३०,००० (अक्षरेपी रु. तीस हजार) प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल हुँदा लिखु गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार गाउँपालिकाभित्र सञ्चालित विभिन्न योजनाहरूको योजना सम्झौता तथा कार्यान्वयनमा न्यून प्रगति देखिएकोले योजनाहरूको कार्यान्वयनलाई तीव्र र प्रभावकारी बनाउन देहाय बमोजिमका निर्णयहरू सर्वसम्मतिले गरियोः

१. गाउँपालिका तथा वडा कार्यालय अन्तर्गतका सबै पूर्वाधार–सम्बन्धी योजनाहरूको योजना सम्झौता चैत्र १५ भित्र अनिवार्य रूपमा सम्पन्न गर्ने,
२. सम्झौता भएका तथा सम्झौता हुने योजनाहरूको कार्यान्वयन कार्य बैशाख मसान्तभित्र सम्पन्न गर्ने,
३. तोकिएको समयभित्र सम्झौता नभएका योजनाहरू सम्झौता नगरिने,
४. सम्झौता भएरपनि निर्धारित समयसीमाभित्र योजना कार्यान्वयन सम्पन्न नभएमा सो योजनाको भुक्तानी गर्न बाध्य नहुने।

**निर्णय नं ६,**

क. लिखु गाउँपालिका वडा नं २ का वडा सदस्य श्री कृष्णबहादुर खड्काले लिखु गाउँपालिका वडा नं. २ मा सञ्चालित विभिन्न योजनामा उपभोक्ता समिति गठन लगायतका क्रममा विभिन्न अनियमितता भएको तथा मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट प्रदान गरिने सेवा अन्तर्गत लिखु गाउँपालिका वडा नं २ मा मृतकका हकवालाले प्राप्त गर्नुपर्ने रकम गाउँपालिकाबाट भुक्तानी भएपनि लाभग्राहीले हालसम्म भुक्तानी नपाएको भनी लिखित उजुरी पेश गरेकोले प्राप्त उजुरी उपर छानविन गरी सात दिन भित्र प्रतिवेदन पेश गर्न देहायको छानबिन समिति गठन गर्ने सम्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| | |
|---|---|
| श्री शोकर्ण श्रेष्ठ - | संयोजक |
| श्री गिता बर्मे - | सदस्य |
| श्री तारा बहादुर तामाङ - | सदस्य |
| श्री बलराम फुयल - | सदस्य सचिव |

ख. लिखु गाउँपालिका  कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्नेत निर्णय गरियो।